सन् नेपाल लाइफले हकप्रद सेयर जारी गर्ने

■ आर्थिक संवाददाता
काठमाडौं, वैशाख १४

सन् नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले हकप्रद सेयर निष्काशन गर्ने भएको छ । कम्पनीले हाल कायम रहेको चुक्ता पुँजीको एक बराबर शून्य दशमलव २७ को अनुपातमा एक सय रूपैयाँ अंकित मूल्य कायम रहने गरी एक अर्ब छ करोड ९६ लाख ३२ हजार रूपैयाँ बराबरको एक करोड छ लाख ९६ हजार तीन सय २० कित्ता हकप्रद सेयर निष्काशन गर्न लागेको हो ।

सेयर निष्काशन तथा बिक्री प्रबन्धक नेपाल एसबीआई मर्चेन्ट बैंकिङ लिमिटेड रहेको कम्पनीको हकप्रद सेयरको बिक्री कार्य यही वैशाख ३० गतेबाट सुरू भई जेठ ९९ गतेसम्म कायम रहने छ ।

ग्रामीण विकास लघुवित्तको तेस्रो त्रैमासिक नाफा ४८ करोड ८१ लाख

■ आर्थिक संवाददाता
काठमाडौं, वैशाख १४

ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाले चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिमा ४८ करोड ८१ लाख ३० हजार ६२ रूपैयाँ खुद नाफा कमाएको छ । गत आवको सोही अवधिमा संस्थाको यस्तो नाफा २१ करोड १३ लाख ११ हजार एक सय ९४ रूपैयाँ रहेको थियो ।

हाल चुक्ता पुँजी ९८ करोड २५ लाख रूपैयाँ रहेको संस्थाले चालु आवको तेस्रो त्रैमासमा तीन अर्ब ४९ करोड २६ लाख २६ हजार छ सय २१ रूपैयाँ निक्षेप संकलन गरी १२ अर्ब ३७ करोड २९ लाख ६३ हजार तीन सय २१ रूपैयाँ कर्जा प्रवाह गरेको छ । सो अवधिमा ८५ करोड ७७ लाख ९६ हजार एक सय सात रूपैयाँ खुद व्याज आम्दानी गरेको संस्थामा चार दशमलव ४२ प्रतिशत कर्जा निष्क्रिय रहेको छ ।

गत आवको सोही अवधिमा भने संस्थाले तीन अर्ब ५४ करोड ४६ लाख नौ हजार दुई सय १२ रूपैयाँ निक्षेप संकलन गरी ११ अर्ब ४१ करोड ८६ लाख छ हजार पाँच सय १६ रूपैयाँ कर्जा प्रवाह गरेको थियो । उक्त अवधिमा ६४ करोड ६५ लाख ७४ हजार नौ सय ३४ रूपैयाँ खुद व्याज आम्दानी गरेको संस्थामा छ दशमलव ९८ प्रतिशत कर्जा निष्क्रिय रहेको थियो ।

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२/१/१५ गते)

यस राष्ट्रिय सहकारी बैंक लि.को तपशिलको झुणी संस्थाले **दमौली** शाखाबाट उपभोग गरेको कर्जाको सांवा, व्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेना गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको सांवा, व्याज, देयरकुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ तत्पर्ता नदेखाएको हुनाले कर्जा चुक्ता गर्ने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको सांवा, व्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धित ऋणी संस्था र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋणी संस्थाको पदाधिकारीहरु तथा जमानीकर्ताहरुको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ति तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरइन्छ ।

ऋणी संस्थाको नाम : विगलिग बचत तथा ऋण सहकारी संस्था लि. **रजिष्टर्ड ठेगाना :** पालुङटार -९, गोरखा ।
हालको ठेगाना : पालुङटार-५, गोरखा **दर्ता नं:** ५२२/०६७/६८

संचालक तथा जमानीकर्ताको विवरण

१) नाम : विश्वमणि लुइटेल (अध्यक्ष जमानीकर्ता) बाबु : चुण्डामणि लुइटेल बाजे : ज्ञान् लुइटेल ना.प्र.नं : ६८८५५ ठेगाना :गाइड्घर-८, गोरखा	**६) नाम : ईश्वर गिरी (संचालक जमानीकर्ता)** बाबु : बाबुराम गिरी बाजे : चन्द्र गिरी ना.प्र.नं : ४९१२०३६१ ठेगाना :पालुङटार-६, गोरखा
२) नाम : रविन्द्र देवकोटा (उपाध्यक्ष जमानीकर्ता) बाबु : शान्ती राम देवकोटा बाजे : शिवदत्त देवकोटा ना.प्र.नं : ६०३२० ठेगाना : पालुङटार-१०, गोरखा	**५) नाम : सरिता देवकोटा (प्रितान) (संचालक)** बाबु : रामेश्वर प्रितान पति : रामचन्द्र देवकोटा ना.प्र.नं : ४४१०३७-१३५ ठेगाना : पालुङटार-९, गोरखा
३) नाम : सुरज श्रेष्ठ (सचिव जमानीकर्ता) बाबु : सनद कुमार श्रेष्ठ बाजे : नन्दलाल श्रेष्ठ ना.प्र.नं : ९०७९९ ठेगाना : खोप्पाङ-९, गोरखा	**६) नाम : गोविन्द रानाभाट (संचालक जमानीकर्ता)** बाबु : धनबाहदुर रानाभाट बाजे : तिलक रानाभाट ना.प्र.नं : ७६५-३६० ठेगाना : पालुङटार-५ गोरखा
४) नाम : सुसिला परियार (संचालक जमानीकर्ता) बाबु : राम बहादुर परियार बाजे : मंगल परियार पति : श्याम बहादुर परियार ना.प्र.नं : ४४३०२३-६७ ठेगाना : गाइड्घर-२, गोरखा	**७) नाम : तिलक बहादुर अधिकारी (संचालक जमानीकर्ता)** बाबु : चक्र बहादुर अधिकारी बाजे : बल बहादुर अधिकारी ना.प्र.नं : १३७ काठमाडौं ठेगाना : पालुङटार-५, गोरखा
५) नाम : शन्तोष भण्डारी (संचालक जमानीकर्ता) बाबु : खम बहादुर भण्डारी बाजे : कुल बहादुर भण्डारी ना.प्र.नं : ९०५७६३ ठेगाना : धुवाकोट-२, गोरखा	**७) नाम : देवराज गिरी (व्यवस्थापक जमानीकर्ता)** बाबु : प्रविण गिरी बाजे : बलभद्र गिरी ना.प्र.नं : ४४-०१-७२-०३५१८ ठेगाना : पालुङटार-७, गोरखा

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५३८०१२, Web : www.ncbl.coop

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल वैशाख महिना १५ गते सोमवार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको सांवा, व्याज र अन्य दै दस्तुर समेत तिर्न बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेना गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सांवा, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण सांवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको सांवा, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले सेक्विदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित कानून अनुसार कारवाही गरी बैंकले आफूलो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्योहरा समेत जानकारी गराईन्छ ।

तपशिल

१) शाखा कार्यालय : बेनिघाट शाखा **कर्जा शिर्षक : व्यावसायिक अधिविकर्षक तथा आवधिक कर्जा**

ऋणीको विवरण

नाम : **रोजक कुवुरा फर्म** प्रोप्राइटरको नाम : राम पुकार बस्नेत प्रा.क.द.प.प.नं. : ५१७९-०७३/०७४
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, धादिङ दर्ता मिति : २०७४/०३/१३
रजिष्टर्ड ठेगाना : धादिङ जिल्ला बेनिघाट रोराङ वडा नं. ७ स्थायी लेखा नं. : ६०६२१८०९६

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) कृष्ण बहादुर बस्नेतको नाति ओम बहादुर बस्नेतको छोरा धादिङ जिल्ला धुपा वडा नं. २ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ७ बस्ने **रामपुकार बस्नेत** (ना.प्र.नं. : ३/४९२७ जारी मिति र जिल्ला : २०६१/०९/०२, धादिङ)
२) लोक ब. रुवालीको छोरी ओम बहादुर बस्नेतको बुहारी राम पुकार बस्नेतको पत्नी धादिङ जिल्ला बेनिघाट वडा नं. ६ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ७ बस्ने **दुर्गा रुवाली** (ना.प्र.नं : १०९३ जारी मिति र जिल्ला : २०६२/०९/१६, धादिङ)
३) कृष्ण बहादुर बस्नेतको नाति ओम बहादुर बस्नेतको छोरा धादिङ जिल्ला धुपा वडा नं २ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ७ बस्ने **कृष्णपुकार बस्नेत** । ना.प्र.नं : ४७/११ जारी मिति र जिल्ला : २०६१/०९/२०, धादिङ)
४) डम्बर बहादुर बस्नेतको नाति कृष्ण बहादुर बस्नेतको छोरा धादिङ जिल्ला धुपा वडा नं २ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. ७ बस्ने **ओम बहादुर बस्नेत** (ना.प्र.नं : २/२४७ जारी मिति र जिल्ला : २०४४/१२/०२, धादिङ)

२) शाखा कार्यालय : कुरमा शाखा **कर्जा शीर्षक : सहुलीयत कर्जा**

ऋणीको विवरण

नाम : **प्रदिसा किराना तथा कस्मेटीक खुद्रा स्टोर्स** प्रोप्राइटरको नाम : प्रभा खड्का (श्रेष्ठ)
प्रा.क.नं. : ११४७/०७०/०७५
दर्ता जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय पर्वत
दर्ता मिति : २०७०/०४/१६ रजिष्टर्ड ठेगाना : पर्वत जिल्ला चुवा वडा नं. ८
स्थायी लेखा नं. : ६०१२६८६६५

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) भीज कुमार श्रेष्ठको छोरी अभिमान खड्काको बुहारी दल बहादुर खड्काको पत्नी पर्वत जिल्ला कुरमा न.पा. वडा नं. ५ बस्ने प्रभा **खड्का श्रेष्ठ** (ना.प्र.नं. : ३२१२९ जारी मिति र जिल्ला : २०४८/०४/०७, पर्वत)
२) जितजङ खड्काको नाति अभिमान खड्काको छोरा पर्वत जिल्ला कुरमा न.पा. वडा नं. ५ बस्ने **दल बहादुर खड्का** (ना.प्र.नं. : ४८६ कन्चनपुर जारी मिति र जिल्ला : २०५७/०९/०२, पर्वत)
३) नर बहादुर श्रेष्ठको नाति भीज कुमार श्रेष्ठको छोरा पर्वत जिल्ला शिवालय वडा नं. ५ हाल, कुरमा न.पा. वडा नं. ५ बस्ने **अनिष श्रेष्ठ** (ना.प्र.नं. : ५१७४०/९०२ जारी मिति र जिल्ला : २०६८/०७/१६, पर्वत)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त लघुवित्त सानो विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति: २०८२/०१/१५

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कंचनवारी, मोरङबाट तपसिलमा उल्लेखित तपाई ऋणीले सिटिजन्स बान डिस्ट्रिक्ट बान प्रडक्ट कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋण कर्जा तथा बैंकिङ सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ व्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेना गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.स. २०८१/०८/०३ को अन्तपुर्ण राष्ट्रिय दैनिक पत्रिका मा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैतिस) दिने सार्वजनिक सूचना र मिति वि.स. २०८१/१०/२१ मा अन्तपुर्ण राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, व्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औ दिनमा यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कन्चनवारी, मोरङमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०६९ असुल ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्योहरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्योहरा समेत जानकारी गराईएको छ ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स बान डिष्ट्रिक्ट बान प्रडक्ट कर्जा

ऋणीको नाम र ठेगाना

नाम	: सुरेन्द्रनाथ चौधरी थारु
बाबु	: राधालाल खाँ थारु
बाजे	: हिरालाल खाँ थारु
पत्नि	: छलुवा थारु
ठेगाना	: बनिगामा गा.वि.स. वडा नं. ०३, मोरङ
हाल	: ग्रामथान गा.पा. वडा नं. ०६, मोरङ
ना.प्र.नं.	: ७२४/०२९
जारी मिति	: २०२९/०९/२५
जि.प्र.का.	: मोरङ

धितो राखिएको सम्पत्तिको विवरण :

धितो सुरक्षण धनीको नाम : सुरेन्द्रनाथ चौधरी थारु

जिल्ला	ना.पा./गा.वि.स.	वडा नं./नक्सा सिट	कि.नं.	क्षेत्रफल (बि.क.धु.)	कैफियत
मोरङ	बनिगामा	३/३ ख	५१९	०-१८-१-२	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिंग लगाघाट समेत ।
हाल : ग्रामथान गा.पा. वडा नं. ०६, मोरङ					

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्योहरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा सिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कली ड्राफ्ट/गुडकरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडमा नबुझाए धरौटी बापत राखेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु होर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय कंचनवारी, मोरङमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

लिलाम खोलिने मिति :- २०८२/०१/३१ गते, बुधबार ।
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कन्चनवारी, मोरङ

Citizens Bank
मुख्य कार्यालय:
पो. ब. ९९६८९, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: एक्स १ ४५३४०२/४३/२४ फ्याक्स: एक्स १ ४५३४०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2019

नेको इन्स्योरेन्सको हकप्रद सेयरको बिक्री खुला

■ आर्थिक संवाददाता
काठमाडौं, वैशाख १४

नेको इन्स्योरेन्स लि. NECO INSURANCE LTD.

नेको इन्स्योरेन्स कम्पनीको हकप्रद सेयरको बिक्री खुला भएको छ । कम्पनीले एक सय रूपैयाँ अंकित मूल्य कायम रहने गरी दुई करोड २५ लाख २६ हजार एक सय रूपैयाँ बराबरको दुई लाख २५ हजार दुई सय ६१ कित्ता हकप्रद सेयरको बिक्री खुला गरेको हो ।

कम्पनीको चुक्तापुँजी दुई अर्ब एक करोड २३ लाख ६० हजार ९९ बराबरको प्रतिसेयर अंकित मूल्य सयका दरले दुई करोड एक लाख २३ हजार छ सय छ दशमलव ९९ कित्ता सेयरको २५ प्रतिशतले (विद्यमान चार कित्ता सेयर) बराबर नयाँ एक कित्ता सेयर हुन आउने प्रतिसेयर अंकित मूल्य सयका दरको ५० लाख ३० हजार नौ सय एक दशमलव ५५ कित्ता हकप्रद सेयर बिक्री खुला गरिएको थियो । जसमध्ये संस्थापक समूहतर्फको ४३ हजार सात सय ७९ दशमलव ५२ कित्ता तथा सर्वसाधारण समूहतर्फको एक लाख ८१ हजार चार सय ८९ दशमलव ८३ कित्ता गरी जम्मा दुई लाख २५ हजार दुई सय ६१ दशमलव ३५ कित्ता सेयरहरु खरिदका लागि आवेदन परेको थिएन ।

आवेदन नपरेको सेयर सर्वसाधारणका लागि यही वैशाख २१ गतेसम्म बिक्री खुला गरिएको कम्पनीले जानकारी दिएको छ । इच्छुक योग्य जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले प्रतिकित्ता के-कति दर रेटमा लिन कबुल गर्ने हो खुलाइ सर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेस गर्ने कम्पनीले जनाएको छ ।

सान्भी इनर्जीको साधारण सेयरको बिक्री खुला

काठमाडौं, वैशाख १४ । सान्भी इनर्जी लिमिटेडको साधारण सेयरको बिक्री खुला भएको छ । कम्पनीले शुक्रबारबाट पहिलो चरणमा आयोजना प्रभावित स्थानीय बासिन्दा र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण सेयरको बिक्री खुला गरेको हो । प्रतिकित्ता एक सय रूपैयाँ अंकित मूल्य कायम रहने गरी आठ करोड ८० लाख रूपैयाँ आयोजना प्रभावित क्षेत्रका जनताको लागि र दुई करोड ९१ लाख रूपैयाँ बराबरको दुई लाख ९१ हजार कित्ता सेयर वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि निष्काशन गरिएको कम्पनीले जानकारी दिएको छ ।

कम्पनीका अनुसार आयोजना प्रभावितका लागि निष्काशन गरिएको सेयरमा इलाम नगरपालिका वडा नम्बर १०, माईजोगमाई गाउँपालिका वडा नम्बर १, ३ र ४, सूर्योदय नगरपालिका वडा नम्बर १० र ११ का स्थानीय बासिन्दाहरुले आवेदन दिन सक्नेछन् । यसमा आवेदन दिँदा घटीमा १० कित्ताका लागि र बढीमा २० हजार कित्तासम्म माग गर्न सकिनेछ । यसमा आवेदन दिने अन्तिम मिति वैशाख १९ गतेसम्म रहेको छ । आयोजना प्रभावितबाट पूर्ण आवेदन नपरेमा जेठ ३ गतेसम्म बिक्री अवधि लम्बिने छ भने वैदेशिक रोजगारीमा रहेको अवधि लम्बिने छैन । कम्पनीको साधारण सेयरको निष्काशन तथा बिक्री प्रबन्धकको रूपमा नेपाल एसबीआई मर्चेन्ट बैंकिङ लिमिटेड रहेको छ ।

सांग्रिला डेभलपमेन्ट बैंकको संस्थापक सेयर बिक्रीमा

काठमाडौं, वैशाख १४ । सांग्रिला डेभलपमेन्ट बैंकले संस्थापक सेयर बिक्री गर्न लागेको छ । बैंकले एक लाख ४२ हजार पाँच सय १३ किता सेयर बिक्री गर्न लागेको हो । बैंकका संस्थापक सेयरधनी शान्तराज बतासले आफ्नो नाममा रहेको सेयर बिक्री गर्न निवेदन दिएपछि बैंकले सो सेयर बिक्रीमा ल्याएको बैंकले जानकारी दिएको छ । संस्थापक सेयर बेच्न संस्थापक सेयरधनीलाई प्राथमिकता दिनुपर्ने व्यवस्थाअनुसार सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडका सेयरधनीहरुका लागि उक्त सेयर जारी गरिएको हो ।

बैंकका अनुसार संस्थापक सेयर खरिद गर्न चाहने इच्छुक संस्थापक सेयरधनीले १५ दिनभित्र आवश्यक कागज प्रमाण संलग्न गरी बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा आवेदन दिन सक्नेछन् ।

सडक डिभिजन, पाल्पा
सिलबन्दी बोलपत्रको आशयपत्र जारी गरिएको सूचना

प्रकाशन मिति: २०८२/०१/१५

यस कार्यालयबाट मिति २०८१/१२/०८ मा प्रकाशित सूचना नं. ०९-Rdplp-२०८१/८२ अनुसार दर्ता हुन आएका बोलपत्रहरूमध्येबाट निम्न विवरण अनुसारका बोलपत्रहरू न्यूनतम मूल्यांकित एवं सारभूतरूपमा प्रभावग्राही बोलपत्र भएको हुँदा स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) अनुसार सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै यस सम्बन्धमा कुनै दावी विरोध भएमा यस कार्यालयको इमेल ठेगाना मचयउबउिबर२०बर्षअिक मा निवेदन पेश गर्नुहुन जानकारी गराइन्छ ।

सि.नं.	ठेक्का नं.	कामको विवरण	आशयपत्र जारी गरिएको बोलपत्रदाताको नाम	कबोल अंक, रु. (मु.अ.क.समेत)
1	DROPLP/337310113 /081/82-51(Re)	Road Improvement works at Barbot-Kafalpani-Nindula-Ratamata-Wagla-Dwaneta Road,Gulmi	Bishnu Devi Nirman Sewa, Sunwal-01, Nawalparasi	2,174,019.81
2	DROPLP/337011384 /081/82-69(Re)	Road improvement work at Bhalubang-Nuwakot-Khanadaha-Kharbang Sadak NH-71 (Pipaldhara-Barbot-Hulake Mahatka Chheda-Rakse Section) Gulmi	Karishma Construction and Suppliers Pvt Ltd, Bharatpur-12, Chitwan	5,114,416.47

डिभिजन प्रमुख